# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

## शिक्षाध्यक्षको कार्यालय

## जुम्ला, कर्णाली प्रदेश, नेपाल

### प्रविणता प्रमाणपत्र तह नर्सिङ्ग र जनरल मेडिसिन (हेल्थ असिष्टेण्ट) अध्ययनका लागि आवेदन सम्बन्धि सूचना

(प्रकाशित मिति : २०७५/०३/२८ गते बिहिबार)

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालको अन्तरिम संविधान २०६३ को धारा ८३ बमोजिम छुट्टै ऐनद्वारा वि.सं. २०६८ मा स्थापित स्वायत्त विश्वविद्यालय स्तरको प्राज्ञिक संस्था हो । यस प्रतिष्ठानले आफ्नै स्कुल अफ नर्सिङ्ग एण्ड मिडवाइफेरी र स्कुल अफ मेडिसिन अर्न्तगत प्रविणता प्रमाणपत्र तहमा शैक्षिक सत्र २०७५/७६ को लागि प्रतिस्पर्धात्मक प्रवेश परिक्षाको माध्यमबाट विद्यार्थी छनौट गर्नु पर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन आव्हान गरिएको छ ।

१. आवश्यक न्यूनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी, विज्ञान, र गणित विषयहरु लिई कम्तिमा ४५% अंक वा न्यूनतम सी ग्रेड र GPA न्यूनतम २.०० प्राप्त गरि प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । अ.न.मी. र सी.एम.ए. को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ४५% अंक ल्याई उत्तीर्ण गरेको र सम्बन्धित परिषदमा दर्ता भएको हुनु पर्ने छ र १ वर्ष काम गरेको अनुभवको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

२. प्रविणता प्रमाणपत्र तह नर्सिङ्गको हकमा १५% सिट पुरुषका लागि आरक्षण गरिएको छ ।

३. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको ऐनमा तोकिएका जिल्लाहरु (हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, जाजरकोट, बझाङ्ग, बाजुरा र अछाम) लाई २/२ सिट आरक्षण गरिएको छ ।

४. आवेदन फारम : आवेदन फारम कृषि विकास बैंकको कुनै पनि शाखाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाको नाउँमा रहेको खाता नं: ०७२१३००६२७९७१०१४ मा रु ५००/- (अक्षेरुपी पाँच सय) जम्मा गरेको सक्कल भौचर पेश गरे पछि प्राप्त गर्न सकिने छ ।

५. आवेदन फारम मिति २०७५ साल असाढ २८ गते देखि श्रावण १८ गते सम्म, बिहान १०:०० देखि ४:०० बजे सम्म खरिद गर्न सकिने छ ।

६. आवेदन फारम पाईने स्थानहरु : (क) प्रतिष्ठानको केन्द्रिय कार्यालय, जुम्ला (ख) प्रतिष्ठानको सम्पर्क कार्यालय, महालक्ष्मीस्थान, ललितपुर (ग) मध्यपश्चिम क्षेत्रिय अस्पताल, बिरेन्द्रनगर, सुर्खेत ।

७. परीक्षा दस्तुर : परीक्षा दस्तुर वापत रु १,०००/- (अक्षेरुपी एक हजार) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाको नाउँमा रहेको कृषि विकास बैंकको कुनै पनि शाखाको खाता नं: ०७२१३००६२७९७१०१४ मा जम्मा गरेको सक्कल भौचर आवेदनका साथ पेश गर्नु पर्नेछ । फारम र प्रवेश परीक्षा दस्तुर बापत बुझाइएको रकम फिर्ता हुने छैन ।

८. आवेदन फारम बुझाउने मिति : २०७५ साल आषाढ २८ गते देखि श्रावण १८ गते सम्म, बिहान १०:०० देखि ४:०० बजे सम्म र विलम्व शुल्क रु ५००/- (अक्षेरुपी पाँच सय) तिरी २०७५ साल श्रावण २६ गते सम्म ।

९. परीक्षा केन्द्र : परीक्षा केन्द्र आफ्नो आवेदन फारममा उल्लेख गरे अनुरुप नै हुनेछ र आवेदन फारममा उल्लेख गरे पश्चात परिवर्तन गर्न पाईने छैन ।

१०. परीक्षा केन्द्र : आवेदन फारम बुझाउन आउदा जानकारी गराईने छ ।

११. परीक्षा मिति र समय : २०७५ साल भाद्र २ गते शनिबार विहान ९:३० बजे ।

१२. परीक्षाको किसिम : वस्तुगत प्रश्नपत्रको लिखित परीक्षा ।

थप जानकारीको लागि प्रतिष्ठानको वेव साईट www.kahs.edu.np मा हेर्नु हुन वा केन्द्रिय कार्यालय, जुम्लाको फोन नं. ०८७-५२०३५५ वा सम्पर्क कार्यालय, महालक्ष्मीस्थान, ललितपुरको फोन नं. ०१-५१७०६२२, मा विहान १०:०० बजे देखि वेलुका ५:०० बजे सम्म सम्पर्क गर्न सकिने छ ।

नोट : प्रोस्पेक्टसमा उल्लेख भए अनुसारका कागजातहरु आवेदन फारमको साथमा पेश गर्नु पर्नेछ । अन्यथा फारम बुझिने छैन ।